मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८०।०८१
चलानी नं. :- ९६४५

मिति : २०८०।१०।०७

**विषय : विद्यालय विकास प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

श्री सम्पूर्ण शिक्षकहरू
मन्थली नगरपालिका, रामेछाप।

प्रस्तुत विषयमा यस नगरपालिका भित्र सञ्चालित सम्पूर्ण विद्यालयहरुको शैक्षिक तथा प्रशासनिक व्यवस्थालाई व्यवस्थित गर्न **प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि- २०७९** स्वीकृत भई मिति २०८०।०१।१३ र मिति २०८०।०२।०९ मा प्रकासित सूचना वमोजिम ४१ वटा सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापकको व्यवस्था भइ सकेको व्यहोरा विदितै छ। **प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि- २०७९** अनुसार तपसिलमा उल्लेखित सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक हुन इच्छुक योग्यता पुगेका शिक्षकहरुबाट प्रधानाध्यापकको जिम्मेवारी वहन गर्न चाहेको ३ वटासम्म विद्यालय उल्लेख गरी विद्यालय विकास प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** पेश गर्नु हुन अनुरोध छ।

**पुनश्च : यसअघि सोही कार्यविधि अनुसार प्रधानाध्यापक भइसकेका शिक्षकहरूले प्रस्ताव पेश गर्न पाउने छैनन्।**

**१. माध्यमिक तहको विद्यालयको लागि :**

- माध्यमिक तहको **स्थायी, करार तथा राहतअनुदानमा** नियुक्त भई **कम्तिमा १ वर्ष** ( महिलाको हकमा ६ महिना ) पुरा भएको तथा **शिक्षाशास्त्रमा स्नातकोत्तर तह वा सोसरह उत्तीर्ण** गरेको।
- **स्थायी, करार वा राहत अनुदानमा ५ वर्षभन्दा** बढी सेवा गरेका माध्यमिक तहका शिक्षकहरुले **शिक्षाशास्त्र विषयमा स्नातक वा सोसरह उत्तीर्ण गरेको** भए पनि प्रस्ताव पेश गर्न सकिने छ।
- न्यूनतम सेवा अवधि एक वर्षभन्दा कम भएका शिक्षकहरुले प्रस्ताव पेश गर्न सक्ने छैनन्।

**२. आधारभूत तह ( कक्षा १-८ ) को विद्यालयको लागि :**

- निम्न माध्यमिक तहको **स्थायी, करार तथा राहत अनुदान** नियुक्त भई **कम्तिमा १ वर्ष** ( महिलाको हकमा ६ महिना ) पुरा भएको तथा **शिक्षाशास्त्रमा स्नातक वा सोसरह उत्तीर्ण** गरेको।
- **स्थायी, करार वा राहत, अनुदान ५ वर्षभन्दा बढी सेवा** गरेका निम्न माध्यमिक तहका शिक्षकहरुले **शिक्षाशास्त्र विषयमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सोसरह उत्तीर्ण** गरेको भए पनि प्रस्ताव पेश गर्न सकिने छ।
- न्यूनतम सेवा अवधि एक वर्षभन्दा कम भएका शिक्षकहरुले प्रस्ताव पेश गर्न सक्ने छैनन्।

**३. आधारभूत तह ( कक्षा १-३/१-५ ) को विद्यालयको लागि :**

- प्राथमिक तहको स्थायी, करार तथा राहतमा नियुक्त भई कम्तिमा १ वर्ष ( महिलाको हकमा ६ महिना ) पुरा भएको तथा शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र वा सोसरह उत्तीर्ण गरेको।

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२
०४८-५४०५३२
पत्र संख्या :- ०८०/०८१
चलानी नं. :- १६४८

- स्थायी, करार वा राहतमा ५ वर्षभन्दा बढी सेवा गरेको प्राथमिक तहका शिक्षकहरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।
- न्यूनतम सेवा अवधि एक वर्षभन्दा कम भएका शिक्षकहरुले प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

**४. विद्यालय विकास प्रस्ताव प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०७९ को अनुसूची १ बमोजिम देहाय अनुसारको ढाँचामा आँफु प्रधानाध्यापक बनेर जान चाहेको विद्यलायको छुट्टा छुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ ।**

१. विद्यालयको परिचय
२. दूरदृष्टि, लक्ष्य, उद्देश्य
३. विद्यालयको विद्यमान अवस्था ( निम्न सूचनामा आधारित भई विश्लेषण गर्ने )
   क. सेवा क्षेत्रको जनसंख्या
   ख. विद्यालयको भौतिक अवस्था
   ग. विद्यालयको शैक्षिक अवस्था
   घ. विद्यालयको आर्थिक अवस्था
   ङ. विद्यालय समुदाय सम्बन्ध
४. प्रस्तावित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना ( रणनीति तथा कार्यनीति सहित )
   क. शैक्षिक
   ख. भौतिक
   ग. आर्थिक
   घ. व्यवस्थापकीय
   ङ. समन्वय र सहकार्य
५. वार्षिक कार्यान्वयन योजना ( आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नु पर्नेछ ।)
६. संस्थागत क्षमता विकास
   क. जनशक्ति विकास
   ख. भौतिक संरचना विकास

**५. विद्यालय विकास प्रस्ताव पेश गर्न सकिने विद्यालयहरु :**

१. श्री कालिका आधारभूत विद्यालय ठुलीमदौ मन्थली ३
२. श्री आधारभूत विद्यालय अर्चले मन्थली ३
३. श्री शिवज्योति आधारभूत विद्यालय मचाबारी मन्थली ५
४. श्री जनविजय आधारभूत विद्यालय सुनारपानी मन्थली ५
५. श्री कालिकादेवि आधारभूत विद्यालय सल्लेनी मन्थली ७
६. श्री कपिलेश्वर आधारभूत विद्यालय कौछिनी मन्थली ७
७. श्री स्थानापाति माध्यमिक विद्यालय बाङ्गेसल्ला मन्थली ९

हरिप्रसाद चापागाई
प्रशासकीय अधिकृत

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८०/०८१
चलानी नं. :- १६४८

८. श्री थानापाती आधारभूत विद्यालय बाहुनचुरा मन्थली ९
९. श्री पुण्य आधारभूत विद्यालय पुरानागाँउ मन्थली ९
१०. श्री नवदिपेश्वर आधारभूत विद्यालय सिम्ले मन्थली ९
११. श्री प्रज्ञादात्री आधारभूत विद्यालय सिक्राल मन्थली ९
१२. श्री सरस्वती माध्यमिक विद्यालय चनखु मन्थली १०
१३. श्री हरिसिद्धि माध्यमिक विद्यालय चनखु मन्थली १०
१४. श्री मनकामना माध्यमिक विद्यालय नाटिला मन्थली ११
१५. श्री ज्ञानदान आधारभूत विद्यालय काउले मन्थली ११
१६. श्री लहरेवर आधारभूत विद्यालय नाटिला मन्थली ११
१७. श्री कालिकादेवि आधारभूत विद्यालय पिप्ले मन्थली ११
१८. श्री माध्यमिक विद्यालय सिक्राल मन्थली १२
१९ श्री माध्यमिक विद्यालय हर्रे चिण्डे मन्थली १३
२०. श्री ईन्द्रदेवी आधारभूत विद्यालय चुहानटार मन्थली १३
२१. श्री साँखे आधारभूत विद्यालय मन्थली १३
२२. श्री सेतीदेवि आधारभूत विद्यालय हर्रे मन्थली १३
२३. श्री कालिदेवि माध्यमिक विद्यालय पोखरी मन्थली १४
२४. श्री बौद्ध माध्यमिक विद्यालय बिस्ली मन्थली १४
२५. श्री हरिसिद्धि माध्यमिक विद्यालय मन्थली १४

..........................................
हरिप्रसाद घापागाई
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद घापागाई
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी